नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
स्थापित वि.सं. १९९४

प्रधान कार्यालय
........................
धर्मपथ, काठमाडौं ।

नेपाल बैंक लिमिटेड प्रधान कार्यालय, काठमाडौं

## प्रेस विज्ञप्ति

### बैंकको ६२ औं वार्षिक साधारण सभाबाट १७ प्रतिशत लाभांश पारित

आज मिति २०७८ पौष २ गते शुक्रबारका दिन नेपाल बैंक लिमिटेड प्रधान कार्यालय, धर्मपथ, काठमाडौंबाट र भर्चुअल (Zoom) मार्फत आयोजना गरिएको यस बैंकको ६२ औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सुमन राज अर्यालज्यूको सभापतित्वमा सम्पन्न भयो । यस अवसरमा बैंकको आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७७/७८ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरु पारित भयो ।

सभाले हालको चुक्ता पूँजी रु.१२,६३,६७,५८,६२४/- को ३ (तीन) प्रतिशतका दरले हुन आउने रु.३७,९१,०२,७५८/७२ (अक्षेरुपी सैंतिस करोड एकानब्बे लाख दुई हजार सात सय अन्ठावन्न रुपैया र बहत्तर पैसा मात्र) नगद लाभांश (लाभांश कर समेत) र चुक्ता पूंजीको १४ (चौध) प्रतिशतका दरले हुन आउने रु.१,७६,९१,४६,२०७/३६ (अक्षेरुपी एक अर्ब छयहत्तर करोड एकानब्बे लाख छयालिस हजार दुई सय सात रुपैया र छत्तिस पैसा मात्र) रकम बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरेको छ । साथै, बोनस शेयर वितरणबाट बैंकको साविक जारी तथा चुक्ता पूँजीमा वृद्धि गरी रु.१४,४०,५९,०४,८३१/३० (अक्षेरुपी चौध अर्ब चालिस करोड उनन्साठी लाख चार हजार आठ सय एकतिस रुपैया र तीस पैसा मात्र) कायम गर्ने र सोही बमोजिम प्रवन्धपत्र तथा नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने प्रस्ताव पारित गरेको छ ।

यस्तै, कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ का लागि चार्टर्ड एकाउण्टेण्ट त्रय श्री नरेन्द्र भट्टराई, श्री जगन्नाथ उपाध्याय र श्री सुनिर कुमार ढुंगेललाई लेखापरीक्षकमा नियुक्त गर्ने लगायत साधारण सभामा पेश भएका अन्य प्रस्तावहरु समेत सर्वसम्मतरुपमा पारित गरेको छ ।

अन्तमा, सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री सुमन राज अर्यालज्यूले शेयरधनीहरुबाट प्राप्त सुझाव अनुसार बैंकको काम कारवाहीहरु सञ्चालन गर्ने विश्वास दिलाउँदै सम्पूर्ण शेयरधनी महानुभावहरु तथा सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

काठमाडौं, २०७८ पौष २ गते, शुक्रबार ।

..............................
प्रकाशकुमार अधिकारी
प्रवक्ता


नेपाल बैंक लिमिटेडको
६२ औं वार्षिक साधारण सभा